मुक्तिनाथ दर्शन सेवा

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे



पोखरा साइडसिन सेवा

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क १९६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ साउन १२ गते सोमबार ❑ 28 July 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## प्रजनन स्वास्थ्यबारे परिवार नियोजनसँग सहकार्य गरिने : स्वास्थ्य मन्त्री पाठक

**पोखरापत्र संवाददाता**
पोखरा, ११ साउन

गण्डकी प्रदेशका स्वास्थ्य मन्त्री कृष्णप्रसाद पाठकले गण्डकीमा स्वास्थ्य क्षेत्र सुधारका लागि सरकार लागिपरेको बताएका छन् । उनले मध्यकालीन र दीर्घकालीन योजना अघि सार्दै सरकारले अस्पताल स्तरोन्नतिमा गर्दै गएको बताए ।

परिवार नियोजन संघको आयोजनामा परिवार नियोजन, यौन तथा प्रजनन स्वास्थ्य र अधिकारबारे प्रदेशस्तरीय कार्यशालाको आइतबार पोखरामा उद्घाटन गर्दै मन्त्री पाठकले सो कुरा बताएका हुन् । उनले प्रदेशमै जनशक्ति उत्पादनका लागि बागलुङ र गोरखामा एचए पढाउने व्यवस्था गर्ने लागेको जानकारी दिए । उनले परिवार नियोजन संघसँग मिलेर सम्बन्धित जिल्ला स्वास्थ्य कार्यालयमार्फत प्रजनन स्वास्थका कार्यक्रम गर्दै जाने बताए ।

मन्त्री पाठकले आगामी नीति तथा कार्यक्रममा प्रजनन स्वास्थबारे कार्यक्रम ल्याउने पनि आश्वासन दिए । कार्यक्रमा उपस्थित गण्डकी प्रदेशसभाका सदस्यहरुले यौन तथा प्रजनन




स्वास्थ्य र अधिकारबारे प्रतिबद्धतापत्रमा हस्ताक्षर गरेका थिए । उनीहरुले सामान्य तथा कुनै पनि विपद्का बेलामा पनि गुणस्तरीय यौन तथा प्रजनन स्वास्थ्य सेवा र सूचनाको पहुँच पुऱ्याई विद्यमान शिशु, बाल तथा मातृ मृत्युदरलाई न्यूनीकरण गर्न र परिवार नियोजनको आधुनिक साधनको मागलाई पूरा गर्न प्रतिबद्धता जनाए । यस्तै, परिवार नियोजन संघ र यौन तथा प्रजनन स्वास्थ्यका क्षेत्रमा यस प्रदेशलाई आवश्यक बजेट पर्ने बजेट विनियोजन गर्न आवश्यक पहल गर्ने, प्रदेशका यौन तथा प्रजनन स्वास्थ्य र अधिकारसम्बन्धी नीतिहरुको तर्जुमा र परिमार्जन गरी अझ व्यावहारिक रुपमा यौन तथा प्रजनन स्वास्थ्य अधिकारको सुनिश्चितता गराउने सन्दर्भमा प्रतिबद्धता जाहेर गरे ।

गण्डकी प्रदेश सामाजिक विकास तथा कृषि समिति सभापति दमयन्ती रुचाल, पूर्व मन्त्री एवं राप्रपा संसदीय दलका नेता पञ्चराम गुरुङ, प्रदेश सांसदहरु प्रकाश बराल, सरस्वती गुरुङ, देवका पहारी, गणेशमान गुरुङ, नन्दकला नेपाली, प्रदेश नीति तथा योजना सदस्य दुर्गा अधिकारी, स्वास्थ्यकर्मी विद्या कोइरालासमेतले मन्तव्य व्यक्त गरे । स्वास्थ्य निर्देशनालय गण्डकीका निर्देशक खिमबहादुर खड्काले 'गण्डकी प्रदेशमा स्वास्थ्य तथा परिवार योजना कार्यक्रमको अवस्था' बारे अर्को कार्यपत्र प्रस्तुत गरे । उनको कार्यपत्र अनुसार गण्डकीमा ५ वर्षमुनिका बालबच्चामध्ये ४५ हजार छोरा जन्मिएकामा ३९ हजारमात्र छोरी जन्मिएका छन् । जन्मदरमा लैंगिक असमानताको कहालीलाग्दो अवस्थाप्रति ध्यान दिनुपर्ने कार्यक्रममा बहस भएको थियो । यसैगरी, परिवार नियोजन संघका चेतराज जोशीले 'परिवार नियोजन र प्रजनन स्वास्थ्य' बारे अर्को कार्यपत्र प्रस्तुत गरे ।

कार्यक्रममा जिसस कास्की प्रमुख लीलाधर पौडेल, मादी गाउँपालिका अध्यक्ष देवीजंग गुरुङ, रुपाका अध्यक्ष नवराज ओझा, शिक्षा विकास तथा समन्वय इकाइ कास्की प्रमुख लोकनाथ आचार्य, पोखरा महानगरपालिकाका प्रवक्ता मोतीलाल तिम्सिना, उपसचिव भरतराज पौडेल, हेमप्रसाद आचार्य लगायत जनप्रतिनिधि, स्वास्थ्यकर्मी, विभिन्न संघसंस्थाका प्रतिनिधिको उपस्थिति थियो । परिवार नियोजन संघ कास्कीका सभापति नवीन सिग्देलको अध्यक्षतामा भएको कार्यक्रमको संचालन वरिष्ठ स्वास्थ्य प्रबन्धक नवराज तिवारीले गरेका थिए । सभापति सिग्देलले परिवार नियोजन, यौन तथा प्रजनन स्वास्थ्यबारे गाउँगाउँमा सचेतनाका कार्यक्रम लैजाने बताए । उनले कास्कीमा प्लस टु तथा क्याम्पसमा अध्ययनरत् विद्यार्थीलाई ध्यानमा राखेर २४ वटा कार्यक्रम गर्ने लक्ष्य रहेको सुनाए ।

## गण्डकीमा छ सय बढीमा डेङ्गी सङ्क्रमण

**पोखरापत्र संवाददाता**
पोखरा, ११ साउन

गण्डकी प्रदेशमा गत पुसयता छ सय नौ जनामा डेङ्गी सङ्क्रमण पुष्टि भएको छ। वर्षायाम सुरु भएपछि डेङ्गी सङ्क्रमण बढ्दै गएको प्रदेशस्थित स्वास्थ्य मन्त्रालयले जनाएको छ।

गत जेठमा एक सय ६९ जनामा डेङ्गी देखिएकामा असारलाई लागेपछि हालसम्म एक सय ८५ जनामा उक्त रोगको सङ्क्रमण पुष्टि भएको हो । प्रदेशमा सबैभन्दा बढी कास्कीमा तीन सय सात, तनहुँमा एक सय एक, लमजुङ ७७, गोरखा ४६, स्याङ्जा २८, बागलुङ १९, पर्वत १७, म्याग्दी १० र नवलपुरमा चार जनामा डेङ्गी सङ्क्रण पुष्टि भएको स्वास्थ्य मन्त्रालयले जनाएको छ। हालसम्म मुस्ताङ र मनाङमा भने डेङ्गीका बिरामी नेभिटएका छैनन् । कास्कीमा सङ्क्रमण पुष्टि भएका तीन सय सातमध्ये एक सय तीन जना पोखरा महानगरपालिकाका रहेका छन् । प्रदेशभरमा हालसम्म पुष्टि भएका डेङ्गीका बिरामीमध्ये झण्डै आधा पोखरा महानगरपालिकामा भेटिएका हुन् । साउनदेखि कात्तिकसम्म डेङ्गी सङ्क्रमण बढ्ने जोखिम उच्च रहने भएकाले आगामी दिनमा सङ्क्रणको दर बढ्दै जाने जनाइएको छ । प्रदेशका स्वास्थ्यमन्त्री कृष्णप्रसाद पाठकले डेङ्गी सङ्क्रमणको न्यूनीकरण, रोकथाम तथा व्यवस्थापनका लागि मन्त्रालय मातहतका सबै निकाय तयारी अवस्थामा राखिएको बताउनुभयो । गत वर्ष प्रदेश राजनधानी पोखरा डेङ्गीको 'हटस्पट' बनेकाले यसवर्ष सङ्क्रमण बढ्न नदिन उच्च सतकर्ता अपनाइएको उहाँको भनाइ छ।

पोखरा महानगरसहित प्रदेशका स्थानीय तहहरूले समुदायस्तरमा डेङ्गी फैलनबाट रोक्न डेङ्गी सार्ने लामखुट्टेको बासस्थान खोज्ने र नष्ट गर्ने अभियान सुरु गरेका छन् । उक्त लामखुट्टेको टोकाइबाट बच्न सचेतना जगाउने र अभिमुखीकरण गर्ने काम भइरहेको छ । गतवर्ष पोखरा महानगरपालिकामा मात्र आठ हजार छ सय जनाभन्दा बढीमा डेङ्गी सङ्क्रमण भएको थियो । डेङ्गी सङ्क्रमणबाट पोखराका तीन जनाको मृत्यु भएको थियो । गतवर्षको भदौ पहिलो हप्तादेखि असोज पहिलो हप्तासम्ममा पोखरामा छ गुणाले डेङ्गी सङ्क्रण बढेको थियो । लामखट्टेको बासस्थान खोज्ने र नष्ट गर्ने अभियान वडा तहदेखि सुरु गर्दै आए पनि डेङ्गी रोकथाम चुनौतीपूर्ण बन्दै गएको स्वास्थ्यकर्मीहरू बताउँछन् । हरेक व्यक्ति, परिवार र समुदाय सचेत नभएसम्म डेङ्गी रोकथाम र नियन्त्रण गर्न कठिन हुने उहाँहरूको भनाइ छ।

डेङ्गी फैलाउने लामखुट्टेको टोकाइबाट जोगिन घर, कार्यालय र सार्वजनिकस्थलमा रहेका खाल्डाखुल्डी, पुराना टायर, ड्रम, भाँडाकुँडालगायत स्थानमा पानी जम्मा हुन नदिने र त्यस्ता स्थल भेटिएमा नष्ट गर्नुपर्ने धवलागिरि प्रादेशिक अस्पतालका प्रमुख चिकित्सक किरण तिवारीले बताउनुभयो । डेङ्गी रोग सार्ने 'एडिस एजिप्टाई' जातको पोथी लामखुट्टेको बासस्थान सबैभन्दा बढी पुराना टायरभित्र जमेको सफा पानीमा रहने गरेको उहाँको भनाइ छ। "सफा र जमेको पानीमा उक्त लामखुट्टेले फुल पार्ने र लार्भा हुर्काउने गर्दछ । लामखुट्टको सोही जीवनचक्र खल्बल्याउन बासस्थान खोज्ने र नष्ट गर्ने अभियान सञ्चालन गर्ने गरिएको हो", उहाँले भन्नुभयो ।

सङ्क्रमितले तुरुन्त परीक्षण गरी र आवश्यकता अनुसार उपचार सुरु गर्नुपर्ने चिकित्सक तिवारीको भनाइ छ । डेङ्गीको सङ्क्रमणपछि एक्कासी उच्च ज्वरो आउने, रक्तस्राव हुने, टाउको, शरीर दुख्नेजस्ता लक्षण देखापर्ने प्रमुख उहाँले बताउनुभयो । सङ्क्रमण जटिल बनेर मानिसको मृत्युसमेत हुनसक्ने भएकाले डेङ्गीलाई सामान्य रूपमा लिन नहुने उहाँको भनाइ छ । लामखुट्टेको टोकाइबाट बच्नु नै डेङ्गी नियन्त्रणको उत्तम उपाय भएको उहाँले बताउनुभयो ।

## पोखराबाट ७५ लाख १६ हजार रुपैयाँ नगद सहित ३ जना पक्राउ

**पोखरापत्र संवाददाता**
पोखरा, ११ साउन

विदेशी मुद्राको अवैध कारोबारमा संलग्न रहेको आरोपमा कास्की प्रहरीले करिब ७५ लाख ९६ हजार रुपैयाँ नगद सहित तीन जनालाई पक्राउ गरेको छ।

शनिबार साँझ ५ बजे प्राप्त सूचनाको आधारमा छापा मार्दा उक्त रकम सहित ३ जनालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय कास्कीले आइतबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्कममा जानकारी गराएको हो। पोखरा लेकसाइडका दुई वटा मनि एक्सचेन्ज र कास्की तथा रुपन्देहीमा रेष्टुरेण्ट व्यावसाय सचालन गर्दै अवैध रुपमा विदेशी मुद्रा सटही सम्बन्धि कारोवार गरेको आरोपमा हाल ३ जनालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी प्रमुख एसपी श्यामबाबु ओलियाले बताउनु भयो। पक्राउ पर्नेहरूमा रुपन्देहीको सिद्धार्थनगर नगरपालिका-१३ हाटबजारका ४५ बर्षीय महमुदिन एम अहमद, झापाको दमक नगरपालिका-४ निवासी तथा हाल पोखरा-६, बैदाम बसोबास गर्दै आउनु भएको राजकुमार बुढाथोकी र पोखरा-१९, पुरनचौरका खेमराज पौडेल रहनु भएको छ। अहमदले कास्की र रुपन्देहीमा रेष्टुरेण्ट व्यवसाय संचालन गर्दै आउनु भएको थियो। उहाँहरुको साथबाट १९ हजार ६ सय अमेरिकी डलर, ४ हजार युरो तथा ४४ लाख ८ हजार नेपाली रुपैयाँ नगद बरामद गरिएको प्रहरीले जनाएको छ। कुल रकमको नेपाली रूपान्तरण मूल्य करिब ७५ लाख ९६ हजार ९ सय रुपैयाँ बराबर रहेको छ । एसपी ओलियाका अनुसार झापा दमकका ४५ बर्षका राजकुमार बुढाथोकी विगत २० वर्षदेखि र पोखरा १९ का ४३ बर्षीय खेमराज पौडेल १४ वर्षदेखि मनी एक्सचेन्ज कम्पनी सञ्चालन गर्दै अवैध विदेशी मुद्राको सटही कारोबारमा संलग्न रहनु भएको थियो । पोखराको लेकसाइडमा हिलारी मनी एक्सचेन्ज २० बर्ष देखि र विगत १४ बर्ष देखि सगरमाथा मनी एक्सचेन्ज अवैध रुपमा संचालन हुदै आएको प्रहरीको दाबी छ । उहाँहरु माथि राष्ट्र बैंक ऐन, २०५८ को परिच्छेद ११, दफा ९५ अनुसार, बैंकबाट इजाजतपत्र नलिई विदेशी विनिमय कारोबार गरेको कसुरमा कारबाही प्रक्रिया अघि बढाइएको प्रहरीले जनाएको छ। नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ बमोजिमको कसूरमा ३ जना पक्राउ पर्नु भएको बताइन्छ।

विदेशी विनिमय कारोवार गरेमा वा त्यस्ता कार्यमा संलग्न भएमा "वा प्रचलित कानून बमोजिम बैंकबाट ईजाजतपत्र लिनु पर्नेमा सो नलिई त्यस्तो कारोवार गरेमा वा परिच्छेद -९ क बमोजिमको फरफारखको प्रक्रियामा बाधा पुऱ्याएमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछ भनेर कानूनमा उल्लेख छ।

## 'एआई' केवल भविष्यको सपना मात्रै नभई वर्तमानको आवश्यकता हो : सभापति देउवा

**रासस**
काठमाडौं, ११ साउन

पूर्वप्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले कृत्रिम बौद्धिकता (एआई) केवल भविष्यको सपना मात्रै नभई वर्तमानको आवश्यकता भएको बताउनुभएको छ।


नेपाली कांग्रेसको विज्ञान तथा सूचना प्रविधि विभागद्वारा पार्टीको केन्द्रीय कार्यालयमा आयोजित 'नेपालको विकासका लागि कृतिम बौद्धिकता समग्र विश्लेषण' विषयक कार्यक्रममा उहाँले सूचना प्रविधिले जनतालाई छिटो, सजिलो र पारदर्शी ढङ्गले सेवा दिन उल्लेखनीय भूमिका खेलिरहेको बताउनुभयो।

सभापति देउवाले भन्नुभयो, "आजको युग विज्ञान र प्रविधिको युग हो, एआई अब केवल भविष्यको सपना होइन, यो अहिलेको आवश्यकता हो । हामीले यसको प्रयोग शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार, रोजगारी तथा सार्वजनिक सेवा प्रवाहमा जिम्मेवार र प्रभावकारी रूपमा गर्न आवश्यक छ।" उहाँले घर-घरमा इन्टरनेटको पहुँच, मोबाइल बैंकिङ, अनलाइन फाराम, डिजिटल स्वास्थ्य सेवा तथा डिजिटल शिक्षा जस्ता सबै प्रविधिमैत्री योजनाले जनताको जीवनशैली सरल, समावेशी र सम्मानजनक बनाउँदै लगेको उल्लेख गर्नुभयो। "कांग्रेस नेतृत्वको सरकारको अग्रसरतामा जारी भएका दूरसञ्चारसम्बन्धी नीति, ऐन र नियमले आज नेपालका टाढाका बस्तीहरू र सबै नागरिकलाई प्रविधिको पहुँचमा ल्याएको छ।

प्रविधिको क्षेत्रमा अझ धेरै काम गर्न बाँकी नै छ, एक क्लिकमै बैंकिङ सेवा, सरकारी जानकारी, कृषि परामर्श वा स्वास्थ्य सल्लाह उपलब्ध गराउने व्यवस्था यिनै उदार र अग्रगामी नीतिको परिणाम हो भन्नेमा दुईमत छैन", सभापति देउवाले भन्नुभयो । उहाँले कांग्रेस सधैं नवप्रवर्तन र प्रविधिमार्फत सामाजिक रूपान्तरणको पक्षमा उभिँदै आएको भन्दै पार्टीले सूचना प्रविधिमार्फत आर्थिक गतिविधि बढाउन प्रतिबद्ध रहेको बताउनुभयो । पूर्वप्रधानमन्त्री देउवाले प्रविधिमा पहुँच पुऱ्याई युवा उद्यमी, अनुसन्धानकर्ता र समग्र निजी क्षेत्रको सृजनशीलता प्रवर्द्धन गर्ने, जनतालाई केन्द्रमा राखेर उपलब्धि-केन्द्रित प्रविधि नीति बनाउने पक्षमा पार्टी क्रियाशील रहेको पनि जानकारी गराउनुभयो । "अब सबै मिलेर प्रविधिमैत्री, नवप्रवर्तनशील र समृद्ध डिजिटल नेपाल


बाँकी अन्तिम पृष्ठमा ▶▶





# पर्यटन सिजनसँगै पोखराको अन्तर्राष्ट्रिय प्रचार-प्रसार गरीने

**पोखरापत्र संवाददाता**
पोखरा, ११ साउन

पोखरा महानगरपालिकाले सन् २०२५ लाई 'पोखरा भ्रमण वर्ष' घोषणा गरेसँगै पर्यटन प्रवर्द्धनका गतिविधि तीव्र रुपमा अघि बढाइएको छ। पर्यटन सिजनको सुरुवातसँगै यस बर्ष पोखरालाई अन्तर्राष्ट्रियस्तरमा चिनाउने उद्देश्यले प्रचार-प्रसार अभियान सञ्चालन गरिने भएको छ।

पोखरा भ्रमण वर्ष २०२५ कार्यान्वयन समितिका संयोजक गोपीबहादुर भट्टराईका अनुसार पोखरा र यस क्षेत्रको पर्यटन विकासका लागि अन्तर ष्ट्रियस्तरमै पुगेर प्रचार गर्ने, पर्यटकलाई निमन्त्रणा गर्ने र विविध कार्यक्रममार्फत पर्यटकीय गन्तव्यको रुपमा स्थापित गर्ने योजना अघि सारिएको छ।

उनका अनुसार २० लाख पर्यटक भित्र्याउने लक्ष्यसहित घोषणा गरिएको भ्रमण वर्षको करिब आधा समय बितिसकेकाले अब बाँकी समयमा आक्रामक र योजनाबद्ध ढंगले कार्यक्रम सञ्चालन गरिनेछ। "हामीले सन् २०२५ लाई पोखराको 'ब्रान्ड इयर' को रुपमा लिएका छौँ," संयोजक भट्टराईले भन्नुभयो, "नीति, बजेट र समन्वयको संयोजनमार्फत अब अभियानलाई प्रभावकारी बनाइन्छ।" उहाँका अनुसार कार्यान्वयन समितिको आसन्न बैठकले आगामी रणनीति थप स्पष्ट बनाउँदै मुख्य सिजन लक्षित विशेष कार्यक्रम अघि बढाउने छ। पर्यटन प्रवर्द्धनमा अघिल्लो वर्ष बजेट अभावका कारण अपेक्षित सफलता नपाइए पनि यस वर्ष बजेटको सुनिश्चितता र योजनाको स्पष्टताले लक्ष्य प्राप्तिको सम्भावना बलियो रहेको उहाँको विश्वास छ। पोखरालाई अन्तर्राष्ट्रिय गन्तव्यका रूपमा स्थापित गर्न सार्वजनिक तथा निजी क्षेत्रको सहकार्यमा पूर्वाधार विस्तार, गुणस्तरीय सेवा, स्थानीय समुदायको सहभागिता र व्यापक प्रचार-प्रसारलाई प्राथमिकता दिइएको उहाँले जानकारी दिनुभयो। पर्यटन प्रवर्द्धनका लागि गण्डकी प्रदेश सरकार र पोखरा महानगरले चालु आर्थिक वर्षमा उत्साहजनक बजेट विनियोजन गरेका छन्। पोखरा महानगरको नेतृत्वमा चाइना प्रमोशन टुर, नेपाल-भारत-चाइना एक्स्पो २०२५ लगायतका कार्यक्रमहरू सफलतापूर्वक सम्पन्न भइसकेका छन्। चाइनाको सिचुवान विमानमार्फत पोखराबाट व्यवसायिक चार्टर्ड उडानसमेत सञ्चालन गरिएको थियो। नेपाल पर्यटन बोर्ड गण्डकी प्रादेशिक कार्यालयका प्रमुख मणिराज लामिछानेका अनुसार यस वर्ष पोखराबाट सुरु भएर गण्डकी प्रदेशभर प्रचारात्मक कार्यक्रमहरू संचालन गरिने तयारी भइरहेको छ। यसैबीच, गण्डकी प्रदेशको उद्योग तथा पर्यटन मन्त्रालयले पोखरा सहित प्रदेशका ११ वटै जिल्लालाई लक्षित गर्दै पर्यटन पूर्वाधार निर्माण र प्रवर्द्धनका लागि करिब ७ करोड रुपैयाँ बजेट विनियोजन गरेको मन्त्रालयका सचिव इन्द्र प्रसाद बस्यालले जानकारी दिनुभयो। हाल पोखरामा भारतीय, आन्तरिक तथा अन्य विदेशी पर्यटकहरूको आगमन विस्तारै बढ्दै गएको पर्यटन व्यवसायीहरू बताउँछन्। यद्यपि होटल अकुपेन्सी हाल करिब २० प्रतिशतमा सीमित रहेको उनीहरूको भनाइ छ। पर्यटन सिजन अघि बढेसँगै यस्ता पहलहरूले पोखराको पर्यटन क्षेत्रमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ।

# पृथ्वीनारायण क्याम्पसका सहप्राध्यापक पराजुलीलाई बिदाई

**पोखरापत्र संवाददाता**
पोखरा, ११ साउन



पृथ्वीनारायण क्याम्पसका सहप्राध्यापक वसन्तप्रसाद पराजुलीलाई बिदाई गरिएको छ। सेवा निवृत्त भएका इतिहास तथा संस्कृति विभागका सहप्राध्यापक बराललाई आइतबार विभागले एक समारोहका बीच बिदाई गरेको हो।

विभाग सभाहलमा भएको कार्यक्रममा पराजुलीलाई ३० वर्ष सेवा अवधि पूरा गरेकोमा दोसल्ला ओढाएर सम्मान पनि गरिएको थियो। कार्यक्रमका प्रमुख अतिथि क्याम्पस प्रमुख प्रा.डा. हरिप्रसाद पाठक, इतिहासका पूर्व विभागीय प्रमुख प्रा.डा. ज्ञानबहादुर कार्की, सहायक क्याम्पस प्रमुख शंकरनाथ पौडेल, इतिहास विभाग प्रमुख नारायणप्रसाद ढकाल लगायतले पुष्पगुच्छा, दोसल्ला र मायाको चिनो प्रदान गरेका थिए। क्याम्पस प्रमुख पाठकले शिक्षण अवधिमा पराजुलीको योगदानको चर्चा गर्दै सुखद् निवृत्त जीवनको कामना गरे। 'उहाँले शैक्षिक तथा प्रशासनिक नेतृत्वमा जिम्मेवार र कुशल ढंगले कार्यभार पूरा गर्नुभयो।' डा. पाठकले भने - 'पराजुली सर सेवा निवृत्त हुनुभएपनि उत्तिकै सक्रिय र उर्जाशील हिसाबमा जीवन अघि बढाउनुहुनेछ भन्ने कामना गर्दछौं।' सहायक क्याम्पस प्रमुख शंकरनाथ पौडेलले सहप्राध्यापक पराजुलीसँगको सौहार्द सम्बन्धको स्मरण गर्दै सक्रिय र स्वस्थ जीवनको लागि शुभकामना व्यक्त गरे। इतिहास विभागका पूर्व प्रमुख प्रा.डा. ज्ञानबहादुर कार्कीले इतिहास विभागलाई आजको यो अवस्थामा ल्याउन सहप्राध्यापक पराजुलीको अग्रणी भूमिका रहेको उल्लेख गरे। कार्यक्रमको अध्यक्षता समेत गरेका इतिहास विभागका प्रमुख नारायण ढकालले सहप्राध्यापक पराजुलीले ३ वर्ष विभागको नेतृत्व गर्दा उल्लेख्य प्रगति गरेको बताउँदै इतिहास विषयमा विद्यार्थीहरुको रुची बढ्दै गएको उल्लेख गरे। 'साधारण जीवन र शालिन व्यवहार बसन्त पराजुली सरको पर्याय हो। सबैसँग मिल्न सक्ने भएकै कारण मनमा, मुटुमा, आँखामा बसन्त सर रहिरहनुहुनेछ। सेवा निवृत्त भएपनि विभागलाई उहाँको सहयोग मिलिरहनेछ।' विभाग प्रमुख ढकालले भने। सेवा निवृत्त सहप्राध्यापक पराजुलीले तीन दशक लामो शिक्षण पेशा नै पहिचानको आधार भएको उल्लेख गर्दै आफूले शिक्षा क्षेत्रका लागि सक्दो दिएको र सन्तुष्टि मिलेको बताए। उनले शुभकामना र सम्मानका लागि आभार पनि व्यक्त गरे।

उपप्राध्यापक चन्द्रकान्त पौडेलले स्वागत तथा विभागका सदस्य तोयनारायण देवकोटाले सञ्चालन गरेको बिदाई कार्यक्रमा लेखा प्रमुख पुष्पराज पौडेल र विद्यार्थी विपिन आचार्यले पराजुलीले गरेको शैक्षिक योगदानको प्रशंसा गरेका थिए। इतिहास विभागको तर्फबाट सहप्राध्यापक डा. दीर्घमान गुरूङ, सहप्राध्यापक अर्जुन बहादुर भण्डारी, पूर्व विभागीय प्रमुख राधा भण्डारी लगायतले बरालसँगको लामो सहकार्यका अनुभव साझा गरे।

# भद्रकाली माविमा कक्षा ११ का विद्यार्थीहरुलाई अभिमुखीकरण

**निकिल सापकोटा**
पोखरा, ११ साउन

पोखरा महानगरपालिका वडा नं १३ स्थित भद्रकाली माविमा कक्षा ११ का नव आगन्तुक विद्यार्थीका लागि आयोजित अभिमुखीकरण कार्यक्रम शनिवार सम्पन्न भयो।

प्राध्यापक रामगोपाल ढेवाजूले कार्यक्रमको उद्घाटन गर्दै नव आगन्तुक विद्यार्थीलाई स्वागत गर्दै मनदेखी पढ्ने वातवरण बनाउन अनुरोध गरे।

भद्रकाली माविका व्यवस्थापन समितिका अध्यक्ष दिपक गुरुङ माइलाले विद्यालयमा पढाई सँग सँगै खेलकुद, स्वास्थ्य र नृत्य विषयलाई पनि ध्यान दिइने भने। कार्यक्रममा उत्प्रेरक तथा प्राध्यापक दिपेन्द्र पहारीले आफ्नो लक्ष्य निर्धारणका लागि दश जोड दुइको जग वलियो बनाउन आग्रह गर्दै जीवनलाई अर्थपुर्ण बनाउन विभिन्न रोचक कथाहरु प्रस्तुत गरेका थिए। पहारीको हरेक कथा जीवन उपयोगी भएकाले विद्यार्थी मन्त्रमुग्ध भएका थिए।



भद्रकाली माविका प्रधानाध्यापक यदुराज पगेनीको अध्यक्षतामा भएको कार्यक्रममा दश जोड दुइका संयोजक उपेन्द्र सुवेदीले संचालन गरेका थिए।

# एआई ...

निर्माणमा लाग्नुपर्ने बेला आएको छ। विज्ञान तथा सूचना प्रविधि क्षेत्रका विविध समस्या सम्बन्धमा कांग्रेसले गहिरोसँग नियालिरहेको छ", उहाँको भनाइ थियो। कृत्रिम बौद्धिकता (एआई) विज्ञ डा सुरेश पोखरेलले एआईको तीव्र विकास भइरहेको र अब यसको समुचित उपयोगबिना सहज विकास असम्भव भएको बताउनुभयो।

पार्टीको विज्ञान तथा सूचना प्रविधि विभाग प्रमुख सुशीला भट्ट मिश्रले कृत्रिम बौद्धिकताको युगमा नेपालको विकासलाई कसरी अगाडि बढाउन सकिन्छ भन्ने अभिप्रायले कार्यक्रम आयोजना गरिएको बताउनुभयो।

# लायन्स क्लव अफ फेवा फुलबारीले गर्यो वृक्षारोपण

**पोखरापत्र संवाददाता**
पोखरा, ११ साउन



पोखराको पर्यटकीय स्थल घार्मीको ओमकारेश्वर महादेव मन्दिर परिषरमा वृक्षारोपण गरिएको छ।

लायन्स क्लब अफ पोखरा फेवा फुलबारीको आयोजनामा भएको कार्यक्रममा पारिजात , गुलमोहर लगायतका विभिन्न प्रजातिका फूल तथा विरूवा रोपिएको थियो। कार्यक्रमको शुभारम्भ गर्दै पोखरा १९ का वडाध्यक्ष पुष्पेन्द्र पाण्डेले विरूवा रोपेर मात्र नहुने बताउँदै, यसको नियमित गोडमेल र संरक्षण महत्वपूर्ण हुने बताउनुभयो। उहाँले यहाँ भएको लायन्स पार्कलाई थप व्यवस्थित र सौन्दर्यकरण गर्न क्लवले भुमिका खेल्नुपर्नेमा जोड दिनुभयो। क्लवका अध्यक्ष गोविन्दराज अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा लायन्स क्लब ३२५ जे का फस्ट भिडिजी प्रजापति बास्तोला, गण्डकी एरिया चिफ महेश श्रेष्ठ, रिजन चेयरपर्सन चेतबहादुर कुमाल, लायन्स क्लवका पुर्व अध्यक्ष कुन्दनराज शर्मा, सञ्जय बस्नेत, टोल विकास संस्थाका अध्यक्ष गोपाल प्रसाद पौडेल लगायतकाले वातावरण संरक्षणको क्षेत्रमा लायन्स क्लवले पुर्याएको योगदान अतुलनीय रहेको बताए। सो अवसरमा क्लवले विपन्न वर्गका ७ जना विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गर्नुका साथै मन्दिरका लागि फोहोर संकलन सामाग्री पनि हस्तान्तरण गरेको छ। उक्त सामाग्री वडाध्यक्ष पाण्डे, अध्यक्ष गोविन्दराज अधिकारीले मन्दिरकापुजारीरामचन्द्रपौडेललाई हस्तान्तरण गरे। सोही अवसरमा लायन्स टोलीले मन्दिर परिषरमा रहेका बोटविरुवा गोडमेल गर्नुका साथै सरसफाई समेत गरेका थिए। सो कार्यक्रमको सञ्चालन लायन दिवस पौडेलले गर्नुभएको थियो।

# निजामती कर्मचारी ऐन संसद्को चालु अधिवेशनबाटै पारित हुन्छ: मन्त्री न्यौपाने

**पोखरापत्र संवाददाता**
दमौली, ११ साउन

सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री भगवती न्यौपानेले निजामती कर्मचारी ऐन संसद्को चालु अधिवेशनबाटै पारित हुने बताउनुभएको छ।

नेपाल निजामती कर्मचारी सङ्गठन तनहुँले आइतबार यहाँ आयोजना गरेको सहिद मनोज-झपेन्द्र-सुरेन्द्र स्मृति सप्ताहव्यापी कार्यक्रमको उद्घाटन गर्दै मन्त्री न्यौपानेले निजामती कर्मचारी ऐन आइसकेपछि कर्मचारीका धेरै समस्या सम्बोधन हुने उल्लेख गर्नुभयो। उहाँले प्रतिनिधिसभाबाट उक्त ऐन राष्ट्रियसभामा आएको र राष्ट्रियसभाले पारित गरेर पुनःप्रतिनिधिसभा पठाएपछि त्यहाँबाट ऐन जारी हुने बताउनुभयो। मन्त्री न्यौपानेले ऐन आइसकेपछि कर्मचारीका धेरै सवाल समाधान हुने बताउनुभयो। उहाँले सङ्घीयताको मर्मअनुसार कर्मचारी व्यवस्थापन भएन भन्ने सवाल पनि ऐनले समाधान गर्ने विश्वास व्यक्त गर्नुभयो। कर्मचारी प्रशासनमा केही समस्या रहेको उल्लेख गर्दै उहाँले त्यस्ता सबै समस्या समाधान गरिने बताउनुभयो। मन्त्रालयको काम सरुवा बढुवा मात्रै हो की भन्ने सन्देश गएको जिकिर गर्दै मन्त्री न्यौपानेले सङ्घीयता कार्यान्वयन तथा तीन तहको सरकारको समन्वय पनि मुख्य जिम्मेवारी रहेको चर्चा गर्नुभयो। नेपाल निजामती कर्मचारी सङ्गठन गण्डकी प्रदेशका अध्यक्ष डोलराज पराजुलीले निजामती कर्मचारी ऐन नआउँदा तल्लो तहका कर्मचारीलाई समस्या भएको बताउनुभयो।


## लामखुट्टेबाट सर्ने रोगबाट बचौं।

◆ लामखुट्टेको टोकाईबाट औलो (मलेरिया), डेंगी, कालाजार, जापानीज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लाग्न सक्दछ।

त्यसैले, लामखुट्टेको टोकाईबाट बच्न :

◆ घर वरिपरी पानी जम्न नदिऔं,

◆ घर तथा गोठ वरिपरी सफा सुग्घर राखौ,

◆ गोठ तथा खोर घरभन्दा टाढा राखौ,

◆ पुरा बाहुला भएको कपडा लगाऔं,

◆ सुत्दा झुल लगाएर मात्र सुतौ,

झ्याल तथा ढोकामा लामखुट्टे पस्न नदिन जाली लगाऔं।

"लामखुट्टेको टोकाईवाट बचौ र बचाऔं।"

नेपाल सरकार
विज्ञापन बोर्ड


# सार्वजनिक निकायले पारदर्शी भएर सेवा प्रवाह गर्नुपर्नेमा जोड

**पोखरापत्र संवाददाता**
दमौली, ११ साउन

सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री भगवती न्यौपानेले सुशासन पहिलो प्राथमिकता भएकाले सार्वजनिक निकायले पारदर्शी भएर सेवा प्रवाह गर्नुपर्नेमा जोड दिनुभएको छ।

जिल्ला प्रशासन कार्यालय तनहुँमा आइतबार आयोजित सरकारी कार्यालयका प्रमुखहरूसँगको भेटवार्तामा मन्त्री न्यौपानेले जनताले सेवा पाउने विषयमा दुःख र सास्ती व्योहोर्न नहुने धारणा राख्नुभयो। उहाँले पादर्शी ढङ्गले सुशासन कायम गर्दै जनतालाई काम सहज सेवा प्रवाह गर्न यहाँस्थित कार्यालयका प्रमुखलाई निर्देशन दिनुभयो। सरकारी कार्यालयमा सेवा लिन जाँदा नेतालाई भन्नुपर्छ भन्ने मनोभाव जनतामा रहेको उल्लेख गर्दै उहाँले भन्नुभयो, "काम गर्दा कसैलाई भन्नुपर्दैन, कानुनले निर्दिष्ट गरेका काम सहज रूपमा हुन्छन् भन्ने आभास दिनेगरी काम गर्नुपर्छ।" मन्त्री न्यौपानेले आफूले कहिल्यै पनि पदको दुरुपयोग नगरेको र भविष्यमा पनि नगर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो, "कानुन विपरितका काम नगरेपछि कुनै त्रासमा बस्नुपर्दैन, कानुन बमोजिमका काम गर्न र जनतालाई सहज सेवा दिन सबै लाग्नुपर्छ।" मन्त्री न्यौपानले कर्मचारीतन्त्र देश विकासको मेरुदण्ड भएकाले कर्मचारीलाई उत्साहित बनाएर काम गर्ने सरकारको दायित्व रहेको बताउनुभयो। सङ्घीयतालाई सुदृढ बनाउन कर्मचारीको महत्त्वपूर्ण भूमिका रहने उल्लेख गर्दै उहाँले कर्मचारीको समस्या समाधानका लागि सरकार गम्भीर धारणा राख्नुभयो। सङ्घीय निजामती ऐन संसद्को चालु अधिवेशनबाट पारित हुने जनाउँदै मन्त्री न्यौपानेले ऐन आएपछि कर्मचारीका अधिकांश समस्या सम्बोधन हुने बताउनुभयो। त्यसक्रममा प्रमुख जिल्ला अधिकारी रामकृष्ण अधिकारीले जिल्लाका समस्या र सेवा प्रवाहबारे जानकारी गराउनुभयो। उहाँले प्रशासन कार्यालयमा सेवाग्राहीको बढ्दो चापका कारण इलाका प्रशासन कार्यालय आवश्यक रहेको बताउँदै त्यसका लागि प्रक्रियामा गइसकेकाले सहजीकरणका लागि मन्त्री न्यौपानेको ध्यानाकर्षण गराउनुभयो।


"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल

## माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि

पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरूका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते



पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार



जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन



उपचार गर्ने रोगहरु :-

१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक टन सिद्धान्तको तुलनामा एक औंस कामको धेरै मूल्य हुन्छ। - फ्रेडरिक एंगेल्स

**सम्पादकीय**

# तराई मधेसको खडेरी

यो वर्ष नेपालका तराई मधेशका जिल्लामा साउनको पहिलो साता बितिसक्दा पनि पर्याप्त पानी परेको छैन । मुख्य अन्नबाली धान रोपाइँका निम्ति जेठ अन्तिमदेखि नै पर्याप्त पानी आवश्यक हुन्छ । मधेश प्रदेशका आठ जिल्ला तथा झापा, मोरङ, सुनसरी, चितवन, नवलपरासीलगायतका जिल्लामा पनि पर्याप्त पानी पर्न सकेको छैन । किसान धान बाली लगाउन नपाउँदा तड्पिएका छन् । मधेश प्रदेशका आठै जिल्लामा धान रोपाइँ मात्र होइन, पिउनेलगायत घरायसी प्रयोजनको पानीको समेत तीव्र अभाव हुन थालेपछि प्रदेश सरकारले सुक्खाग्रस्त क्षेत्र घोषणा गरेको थियो । सङ्घीय सरकारले पनि मधेश प्रदेशका आठ वटै जिल्लालाई विपत्ग्रस्त क्षेत्र भन्दै सुक्खाग्रस्त क्षेत्र घोषणा गरेको छ ।

असार २६ गते नै मधेश प्रदेश मन्त्रीपरिषद् बैठकले प्रदेशलाई सुक्खाग्रस्त क्षेत्र घोषणा गर्ने निर्णय गरेको थियो । प्रदेश सरकारले सङ्घीय सरकारको सहयोगको याचना गरेको थियो । त्यसै क्रममा प्रदेशको सिफारिस तथा सङ्घीय गृह मन्त्रालयको प्रस्तावमा मधेशका सबै जिल्लालाई सुक्खाग्रस्त क्षेत्र घोषणा गर्ने निर्णय गरिएको हो । विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ मा सङ्कटग्रस्त क्षेत्र घोषणा गर्न सरकारसमक्ष सिफारिस गर्न सकिने व्यवस्था छ । यसै व्यवस्था अनुसार नै सङ्कटग्रस्त क्षेत्रका रूपमा सुक्खा क्षेत्र घोषणा गरिएको हो । तराई मधेशको पानी अभावले उत्पन्न समस्याको निराकरणमा एकीकृत समाधान गरिने प्रयास हुने छ । त्यस क्रममा जलस्रोत, सिँचाइ र कृषि मन्त्रालयका मुख्य भूमिकामा समाधान निकालिने बताइएको छ । यसमा सङ्घीय सरकारको गृह मन्त्रालयले संयोजन भूमिका निर्वाह गर्न सक्ने छ ।

मधेश प्रदेशमा देखिएको पानीको सङ्कट अनुसन्धान प्रक्रिया पनि सुरु भइसकेको छ । पानी सङ्कट अनुसन्धानका निम्ति सङ्घीय सरकारले विज्ञसहितको दुई वटा टोली पठाएको छ । सङ्घ र प्रदेश सरकारले सङ्कट समाधानका लागि कुनै कार्यक्रम नल्याएको भन्दै आलोचना भइरहँदा अब समस्या समाधानका निम्ति स्थिति नयाँ चरणमा प्रवेश गरेको छ । पानीको सङ्कट समाधान गर्न आवश्यक नीति, योजना र कार्यक्रम ल्याउनु आवश्यक छ । तत्कालका निम्ति खानेपानीको समस्या समाधान गर्नुपर्ने छ भने भूमिगत जललगायतका प्रयोग गरी धान रोपाइँलाई अग्रता दिने प्रयास गर्नुपर्ने छ । सेनाले दमकल बाट खानेपानी वितरण गरेको छायो हात्तीको मुखमा जिरा जस्तै हो । तै पनि खानेपानी वितरण गरेर बाँच्न सकिन्छ भन्ने सन्देश दिएको छाअब खधान खेती नहुने अवस्थामा वैकल्पिक खेतीतर्फ ध्यान दिनुपर्ने छ ।

तराई मधेशमा पानीको समस्या एकाएक आएको होइन । यो समस्याका निम्ति विगत समीक्षा गर्नुपर्ने हुन्छ । तराई मधेश हरियो वन नेपालको धन भनिने चारकोसे झाडीले सिँगारिएको थियो । पर्याप्त हरियो वन हुँदा पानीको अभाव थिएन । मनसुनीलगायतको बर्सात बढोत्तरीमा पनि वनजङ्गलको ठुलो भूमिका रहने वैज्ञानिक तथ्य नै छ । पर्याप्त जङ्गल र बर्सातले भूमिगत जलसतह पनि पर्याप्त थियो । पाँच छ दशकयता तराई मधेशको हरियो वन अतिक्रमण भयो । पूर्वपश्चिम फैलिएको चारकोसे झाडी मासिन थाल्यो । खास गरी मलेरिया उन्मूलनले तराई मधेशमा जनआवादी बढ्न थाल्यो । पूर्वपश्चिम राजमार्ग निर्माण चुरेक्षेत्रसमेतमा फैलियो । त्यसले चुरे विनाशलाई तीव्रता दियो । पञ्चायती शासनमा वन बेचेर चुनाव जित्ने प्रयास शासकीय चतुऱ्याइँका रूपमा अगाडि बढ्यो । यी सबै कार्यले वन विनाश व्यापक भयो । पछिल्ला दशकमा चुरे विनाशसँगै गिट्टी, बालुवा उत्खनन व्यापक भयो ।

यस्ता कार्यले तराई मधेश मरुभूमीकरणतिर अग्रसर हुने जोखिम बढ्यो । प्रथम राष्ट्रपति डा. रामवरण यादवले चुरे संरक्षणका निम्ति संवदेनशील भएर सबैको ध्यानाकर्षण गराएका थिए । राष्ट्रपति चुरे संरक्षण कार्यक्रम अगाडि बढ्यो । तथापि यो कार्यक्रम प्रभावकारी रूपमा अगाडि बढ्न नसकेको कतिपयको भनाइ छ । तराई मधेशको पानी समस्यालाई तत्कालीन, मध्यकालीन र दीर्घकालीन नीति, योजना र कार्यक्रमका आधारमा बहुआयामिक तवरले सम्बोधन गर्नु पर्छ । दिगो विकासको अवधारणाले पर्यावरणीय चक्र पुनर्स्थापित गरी अन्नभण्डारको पीडा सम्बोधन गरिनु आवश्यक छासरकारले घोषणा गरे अनुसारको काम अगाडि बढाउँदा मात्र जनताले विश्वास गर्नेछन । यो काम कुनै बाहना नगरी शिघ्राती शिघ्र अगाडि बढाउनु जरुरी छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : स्वास्थ्यमा सुधार |
| वृष | : मानसिक तनाब | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : कार्यमा सफलता |
| कर्कट | : शत्रुको भय | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : झमेला बड्ने | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : शुभ यात्रा | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# गण्डकी प्रदेशका पूर्वप्रमुख गुरूङको अन्त्येष्टि

**रासस**
चितवन, ११ साउन

गण्डकी प्रदेशका पूर्वप्रमुख एवं नेपाली कांग्रेसका नेता पृथ्वीमान गुरूङको देवघाटमा गुरूङ संस्कारअनुसार अन्त्येष्टि गरिएको छ ।

शनिबार निधन भएका गुरूङलाई गुरूङ समुदायको परम्परा एवं संस्कृतिअनुसार धर्मगुरूहरूबाट अन्तिम संस्कारको लागि कर्म गरिसकेपछि सशस्त्र प्रहरीद्वारा सलामी अर्पण गरेर श्रद्धाञ्जली दिइएको थियो । त्यसअघि उहाँको निवास भरतपुर-२६ दिव्यनगरमा नेपाली कांग्रेसले पार्टीका तर्फबाट श्रद्धाञ्जली अर्पण गरेको थियो । गुरूङको पार्थिव शरीरमा श्रद्धाञ्जली अर्पण गर्न नेपाली कांग्रेसका केन्द्रीय उपसभापति धनराज गुरूङ चितवन आउनुभएको थियो । गुरुङको निधनले कांग्रेसलाई मात्र नभई देशलाई क्षति पुगेको बताउनुभयो । पार्टी कार्यालय कमलनगरमा गुरुङप्रति श्रद्धाञ्जली अर्पण गरिएपछि उहाँको देवघाटमा अन्त्येष्टि गरिएको नेपाली कांग्रेस चितवनका सभापति राजेश्वर खनालले जानकारी दिनुभयो । लामो समयदेखि क्यान्सर रोगसँग सङ्घर्षरत गुरूङको चितवनको भरतपुर महानगरपालिका-२६, दिव्यनगरस्थित आफ्नै निवासमा शनिबार ७६ वर्षको उमेरमा निधन भएको हो । कास्कीको ल्वाङघलेलमा २००६ सालमा जन्मिनु भएका गुरूङले चितवनलाई आफ्नो राजनीतिक कर्मभूमि बनाउनुभएको थियो । राजनीतिक जीवनको उत्तरार्धमा गुरुङले २०७८ साउनदेखि २०७९ फागुनसम्म गण्डकी प्रदेशको प्रदेश प्रमुखको जिम्मेवारी सम्हाल्नुभएको थियो । प्रदेश प्रमुखको भूमिकामा रहँदा उहाँले आफ्नो निष्पक्ष र सन्तुलित छविलाई कायम राख्नुभएको थियो । यसैबीच गुरूङको निधन भएको दुःखद् घडीमा नेपाली कांग्रेस चितवनले तीन दिन पार्टी कार्यालय बन्द गर्ने निर्णय गरेको छ । आइतबार बिहान बैठक बसेर पार्टीको जिल्ला समिति तथा ९८ वटै वडा कार्यालय तीनदिन बन्द गर्ने र सात दिनसम्म पार्टीको सबै कार्यालयमा पार्टीको झण्डा आधा झुकाउने निर्णय गरिएको कांग्रेस चितवनका सभापति खनालले जानकारी दिनुभयो ।

# दोर्दी गाउँपालिकाले नागरिकको निःशुल्क बिमा गर्ने

**पोखरापत्र संवाददाता**
लमजुङ, ११ साउन

दोर्दी गाउँपालिकाले जलविद्युत् आयोजनाबाट प्राप्त रोयल्टीबाट पालिकाभित्रका सबै नागरिकलाई निःशुल्क बिमा गर्न सुरु गरेको छ ।

दोर्दी गाउँपालिकाले पालिकाको वडा नं ४ नौथर सेरामा आज एक कार्यक्रमको आयोजना गरी स्वास्थ्य बिमा कार्यक्रम शुभारम्भ गरेको हो । गाउँपालिका अध्यक्ष युवराज अधिकारीले वडा नं १ भारतेका प्रेमबहादुर गुरुङलाई स्वास्थ्य बिमा कार्ड उपलब्ध गराएर बिमाको शुभारम्भ गर्नुभएको हो । पालिका नागरिकको स्वास्थ्यप्रति गम्भीर रहेको र बिमाबाट धेरै स्वास्थ्य सेवा पाउन र नागरिकलाई राहत हुने भएकाले पालिकाभित्र रहेका सबै नागरिकको पालिकाले निःशुल्क बिमा गर्न लागेको र आजदेखि सुरु भएको उहाँको भनाइ छ । आज नै वडा नं १ देखि ४ वडासम्म शुभारम्भ कार्य गर्ने र अन्य वडामा क्रमशः गर्दै जाने गाउँपालिकाले जनाएको छ । गाउँपालिका अध्यक्ष युवराज अधिकारीले दोर्दी गाउँपालिकामै चुलो बाली स्थायी रूपमा बसोबास गरिरहेका सबै घरपरिवारको स्वास्थ्य बिमा गर्ने बताउनुभयो । यसका लागि 'जलविद्युत्को आम्दानी-स्वास्थ्य बिमामा लगानी' नाराका साथ बिमा गर्ने कार्यअघि बढेको छ । दोर्दी गाउँपालिकामा हाल पाँच वटा आयोजनाबाट १२६ मेगावाट विद्युत् उत्पादन हुँदै आएको छ । दोर्दी गाउँपालिकाभित्र चार हजार २२५ घरपरिवार रहेको र सबै घरपरिवारलाई निःशुल्क स्वास्थ्य बिमा गर्न रु एक करोड ५० हजार बजेट विनियोजन गरेको गाउँपालिका अध्यक्ष अधिकारीले बताउनुभयो । लमजुङमा विसं २०७७ माघ महिनाबाट स्वास्थ्य बिमा कार्यक्रम लागू भए पनि बिमा नगरेका दोर्दीका स्थानीय लाभान्वित हुने भएका छन् । यस पालिकाभित्र पिपुल हाइड्रोपावर कम्पनीको ५४ मेगावाट क्षमताको सुपर दोर्दी 'ख', हिमालयन पावर पार्टनरको २७ मेगावाट क्षमताको दोर्दीखोला, लिवर्टी इनर्जी लिमिटेडको २५ मेगावाट क्षमताको माथिल्लो दोर्दी 'ए', दोर्दी खोला कम्पनीको १२ दशमलव १ क्षमताको दोर्दी १, छ्याङ्दीखोला हाइड्रोपावर कम्पनीको चार ४ मेगावाट क्षमताको जलविद्युत् आयोजनाले विद्युत् उत्पादन गरेका छन् ।

# सडक निर्माणमा सहयोग अभियान

**पोखरापत्र संवाददाता**
पोखरा, ११ साउन

सडक निर्माणका लागि बजेट अपुग भएपछि बागलुङको ताराखोला गाउँपालिका-३ का बासिन्दाले आर्थिक सहयोग अभियान सुरु गरेका छन् ।

डोप्टा-बराहखोला जोड्ने सडकमा पर्ने चेवटको भिर काटेर मार्ग खोल्न सरकारी बजेटले नपुगेपछि उपभोक्ताले रकम जुटाउन सुरु गरेका हुन् । सडक निर्माणका लागि गत आर्थिक वर्षमा गाउँपालिकाको रु ३० लाख र गण्डकी प्रदेश सरकारले रु २० लाख बजेट विनियोजन गरेका थिए । समितिले रु ७५ लाखमा सडक निर्माणको ठेक्का लगाएको थियो ।

अपुग रकम जुटाउन सहयोग अभियान सञ्चालन गरिएको सडक निर्माण समितिका अध्यक्ष एवं आर्थिक सङ्कलन समितिका संयोजक खड्गबहादुर नाउसाले बताउनुभयो । सडक निर्माणमा स्थानीयवासीले श्रमदानसमेत गरेका थिए । "रु ३६ लाख समितिलाई व्ययभार थपिएपछि आर्थिक सङ्कलन अभियान सुरु गरिएको हो, अहिलेसम्म रु १५ लाख उठिसकेको छ", उहाँले भन्नुभयो, "सडक निर्माणमा गाउँपालिका र प्रदेश सरकारले पनि सहयोग गऱ्यो, उपभोक्ताको पनि लगानी परेको छ ।" अप्ठ्यारो भूगोलका कारण गाउँपालिका र प्रदेश सरकारले दिएको बजेटले मात्र काम सम्पन्न हुन नसकेको उहाँले बताउनुभयो ।

# निस्कोटका एक सय २५ घरपरिवारमा खानेपानीको पहुँच

**पोखरापत्र संवाददाता**
म्याग्दी, ११ साउन

मालिका गाउँपालिका-१ निस्कोटमा 'एक घर, एक धारा'सहितको खानेपानीको पहुँच विस्तार भएको छ । नेपाल स्वास्थ्यका लागि पानी (नेवा)को आर्थिक एवं प्राविधिक सहयोग र स्थानीयहरूको श्रमदानबाट निर्माण भएको निस्कोट खानेपानी तथा स्वच्छता योजनामार्फत घरघरमा धारा जडान गरेर खानेपानी वितरण भएको हो ।

रु ९४ लाखको लागतमा निर्माण भएको योजनाबाट निस्कोटका एक सय २५ घरपरिवार लाभान्वित भएका मालिका गाउँपालिका-१ का वडाध्यक्ष टङ्कप्रसाद पुनले जानकारी दिनुभयो । उपभोक्ताको घरघरका साथै विद्यालय, स्वास्थ्य संस्था, सामुदायिक भवन र सार्वजनिकस्थलमा थप सातवटा धारा जडान भएको छ ।

टोटो बजाउनेमा रहेको मुहानबाट १६ किलोमिटर मुख्य र शाखा पाइप लाइन बनाएर १३ वटा ट्याङ्की, दुईवटा डिपिटीलगायतका संरचना बनाएर खानेपानी वितरण गरेको उपभोक्ता समितिका अध्यक्ष यामबहादुर पुनले बताउनुभयो । "३७ वर्षअघि निर्माण भएको खानेपानी योजनाका सार्वजनिक धाराबाट पालो कुरेर पानी वितरण गर्नुपर्ने समस्या थियो", उहाँले भन्नुभयो, "धारा र कुवाबाट पानी ओसार्न हुने समयको बचत र झञ्झट हटेको छ ।" पुरानो आयोजनाका संरचना जीर्ण हुँदा खानेपानी आपूर्ति नियमित नहुने र पानी वितरण अव्यवस्थित थियो । सार्वजनिक धारामा पानी नआउँदा उपभोक्ताले कुवा र खोल्साबाट गाग्री, ग्यालिन, ड्रम र बोत्तलमा पानी सोसार्ने गर्दथे । खानेपानीका धारासँगै भाँडा सुकाउने चाङ निर्माण भएको छ । पानीको मितव्ययी र व्यवस्थित तथा दीर्घकालीन प्रयोगका लागि धारामा मिटर जडान गरेर शुल्क उठाउने व्यवस्था मिलाइएको छ । खानेपानी योजना निर्माणका लागि प्रतिघर ९० दिनका दरले श्रमदान गरेका छन् । घरघरमा सफा र स्वच्छ खानेपानी आउन थालेपछि श्रमदानको दुःख भुलाएको उपभोक्ता तमबहादुर पुनले बताउनुभयो ।

नेवा संस्थाका प्राविधिक छमीराम शर्माका अनुसार नेवाको रु ६४ लाख र उपभोक्ताको रु ३० लाख बराबरको श्रमदानमा योजना निर्माण भएको हो । नेवाको सहयोगमा यसअघि गत वर्ष मालिका गाउँपालिका-१ का अन्य टोलमा निर्माण भएको योजनाबाट ९६ घरपरिवार लाभान्वित भएका थिए ।

# ढोरपाटन एक वर्षमा पुगे २३ हजार पर्यटक

**पोखरापत्र संवाददाता**
बागलुङ, ११ साउन

नेपालको एक मात्रै सिकार आरक्ष क्षेत्र ढोरपाटन पुग्ने पर्यटकको सङ्ख्यामा बर्सेनि वृद्धि भइरहेको छ । ढोरसिकार आरक्ष कार्यालय बागलुङका अनुसार ढोरपाटन घुम्न आउने आन्तरिक पर्यटकको सङ्ख्यामा गत एक वर्षमै आठ हजारले वृद्धि भएको छ ।

ढोरपाटन सिकार आरक्ष कार्यालयका रेञ्जर सागर सुवेदीका अनुसार आर्थिक वर्ष २०८०/८१ मा १५ हजार ५७३ पर्यटक ढोरपाटन पुगेकोमा आर्थिक वर्ष २०८१/८२ मा पर्यटकको सङ्ख्या आठ हजारले बढेर २३ हजार ६९२ पुगेको छ । जसमध्ये सार्क नागरिक १२ जना र विदेशी नागरिक २१३ जना मात्रै रहेका छन् भने अन्य पर्यटक आन्तरिक नै हुन् । ढोरपाटनको प्रचारप्रसार, पर्यटकीय पूर्वाधार, बुकी र जलजलामा पदयात्रा गर्ने पर्यटकका कारण पर्यटकको सङ्ख्या बर्सेनि बढ्दै गएको सुवेदीको भनाइ छ । उहाँका अनुसार पर्यटकको सङ्ख्यामा वृद्धि भएसँगै राजस्वमासमेत वृद्धि भएको छ । ढोरपाटन पुग्ने नेपाली पर्यटकले रु एक सय प्रवेश शुल्क तिर्नुपर्ने हुन्छ । गत आवमा मात्रै २० लाख भन्दाबढी राजस्व पर्यटकको प्रवेश शुल्कबाट सङ्कलन भएको छ । "प्रचारप्रसार, पर्यटकीय पूर्वाधार थपिनु, बुकी र जलजलाको चर्चासँगै पदयात्रा गर्न आउनु र होटल तथा घरबासको व्यवस्थापनका कारण पर्यटकमा वृद्धि भएका छन्", सुवेदीले भन्नुभयो । ढोरपाटनमा सिकार खेल्न मात्रै विदेशी पर्यटक आउने गरेकामा पछिल्लो समय सिकार आरक्ष क्षेत्र अवलोकन, ढोरपाटन उपत्यका, निशेलढोर र ढोरबराह मन्दिर, बुकीपाटन र जलजलालगायतका क्षेत्रको अवलोकनका लागि आन्तरिक पर्यटक त्यहाँ आउने गरेका छन् ।

ढोरपाटन उपत्यकामा दुई दर्जन होटल तथा घरबास सञ्चालनमा रहेको र सोझै पोखरादेखि पर्यटकलाई प्याकेजमै ल्याउने लैजाने व्यवस्थापनका कारण पर्यटकलाई सहज भएको ढोरपाटन सामुदायिक घरबासका सञ्चालनक रामबहादुर घर्तीले जानकारी दिनुभयो । समुद्री सतहदेखि दुई हजार ९०० मिटरको उपत्यकादेखि चार हजारभन्दा माथिको बुकीपाटनसम्म पर्यटक पुग्ने थालेका छन् ।

# ठेक्का तोड्दा तेब्बरले बढ्यो भैरवस्थनाको भेटी

**पोखरापत्र संवाददाता**
बागलुङ, ११ साउन

सरकारले सय पर्यटकीय तथा धार्मिक क्षेत्रका रूपमा सूचीकृत बागलुङको कालभैरव मन्दिरमा गुठी व्यवस्थापन समिति सक्रिय भएपछि भौतिक पूर्वाधार निर्माणसँगै आम्दानीमा वृद्धि भएको छ । धार्मिक शिक्तपीठमध्येको एक बागलुङ बलेवा कालभैरव मन्दिरमा भेटी सङ्कलन तेब्बरले वृद्धि भएको छ ।

धार्मिक पर्यटक भित्र्याउँदै आएको बागलुङ नगरपालिका-१२ स्थित कालभैरव मन्दिरमा २०७९ सालमा ६ वर्षपछि गुठी व्यवस्थापन समिति सक्रिय भएपछि पूर्वाधार निर्माणले तीव्रता पाएसँगै यहाँ आउने दर्शनार्थीको सङ्ख्यामा वृद्धि भएको छ । दर्शनार्थीको सङ्ख्यामा वृद्धि भएपछि भेटी सङ्कलन दरसमेत तेब्बरले वृद्धि भएको छ । समितिमार्फत पूजा चलाउन थालेको एक वर्ष भएको बताउँदै भैरवस्थान मन्दिर गुठी व्यवस्थापन समितिका अध्यक्ष ज्ञानेन्द्रराज ढकालले आम्दानी तेब्बरले वृद्धि भएको बताउनुभयो । मालपोत कार्यालय बागलुङद्वारा ठेक्कामा भेटी सङ्कलन गरिँदै आएकामा आर्थिक वर्ष २०८१/८२ मा गुठी व्यवस्थापन समितिले जिम्मा लिएपछि भेटी सङ्कलन तेब्बरले वृद्धि भएको हो । "आव २०८०/८१ मा ठेक्कामार्फत रु नौ लाख आम्दानी भएकामा समितिमार्फत पूजा चलाउँदा रु २७ लाख आम्दानी भएको छ, ठेकेदारले नाफा कमाउँदा मन्दिर अस्तव्यस्त भएकाले समितिमार्फत पूजा चलाउने र आम्दानीले भौतिक संरचना र दर्शनार्थीको सुविधा थप गर्ने हाम्रो उद्देश्य छ", अध्यक्ष ढकालले भन्नुभयो, "कोरोना महामारीमा रु ५० हजार भेटी सङ्कलन भएको मन्दिरमा अहिले रु २७ लाख सङ्कलन भएको र आगमी वर्ष सङ्कलन अझै बढ्ने अपेक्षा छ ।" पछिल्लो दुई वर्षयता बलेवा कालभैरवको पूर्वाधारमा सत्तल, सचिवालय, प्रवेशद्वार, पदमार्ग, खानेपानी, शौचालयलगायत पूर्वाधारमा रु ८० लाखभन्दा बढी रकम खर्च भइसकेको ढकालले जानकारी दिनुभयो ।

समिति, सङ्घीय सरकार, गण्डकी प्रदेश सरकार र बागलुङ नगरपालिकाबाट पूर्वाधार मिर्नाणमा सहयोग भएको समितिका कोषाध्यक्ष चन्द्र केसीले जानकारी दिनुभयो । उहाँले अघिल्लो व्यवस्थापन समितिले बनाएको गुरुयोजना, हिसाब किताब नपाएको र समिति नहुँदा मन्दिरको अवस्था बिग्रिएकाले यो वर्षदेखि आय वयय सार्वजनिक तथा लेखा परिक्षण गराउदै आएको बताउनुभयो । समितिको आन्तरिक रकमबाट ११ वटा व्यावसायिक सटर निर्माण गरेपछि आगमी वर्षबाट मन्दिरको मासिक आम्दानीसमेत भइरहेको छ । अहिले मासिक रु ३० हजारमा सटर भाडामा लागाइएको छ । समुद्री सतहबाट एक हजार ४०० मिटरको उचाइमा रहेको भैरवस्थानको मुख्य मन्दिर भने पुरानो छ । भैरवस्थान मन्दिर गुठी व्यवस्थापन समिति सक्रिय भएसँगै कालभैरव मन्दिरमा पूर्वाधार निर्माणले गति लिएको छभने वर्षौंदेखिको ठेक्का तोडेर समितिले आम्दानी लिन थालेको छ । तीन सय वर्षभन्दा पुरानो मन्दिरमा पछिल्लो समय सडक सुविधा पुगेपछि धार्मिक पर्यटकमा वृद्धि भएको छ । बागलुङ नगरपालिका-१२ अमलाचौरमा रहेको कालभैरव मन्दिर भकुण्डे र रायडाँडासँग सिमाना जोडिएको छ । कालभैरव मन्दिरको प्रचारप्रसार र महिमाका कारण पछिल्लो समय आन्तरिक पर्यटक बढेपछि सडक स्तरोन्नति, पदमार्ग, व्यावसायिक सटर, सत्तललगायत पूर्वाधार थपिँदा मन्दिरमा पुग्ने दर्शनार्थीको चाप बढेपछि भेटी सङ्कलनसमेत बढिरहेको ढकालको भनाइ छ । विसं १७८० तिर पाल्पाबाट ल्याइएका कालभैरवलाई यहाँ स्थापना गरिएको किंवदन्ती छ । मन्दिरमा मङ्गलबार र शनिबार विशेष पूजा हुने गर्दछ भने दसैं र चैतेदसैंमा मन्दिरमा दर्शनार्थीको बढी भीड लाग्ने गरेको पाइन्छ । पाल्पाका राजा मणिमुकुन्द सेनका पालामा दाजुभाइमाझ झगडा परेपछि एक भाइ छुट्टिएर बलेवामा आएको र भैरवलाई पनि छुट्ट्याएर यहीँ ल्याएर स्थापना गरेको विश्वास गरिन्छ । मनोकांक्षापूरा हुने जनविश्वासका कारण पछिल्लो समय मन्दिरमा दर्शनार्थीको सङ्ख्यामा बढ्दै गइरहेको छ ।

# स्याउखेतीमा कर्म गुरुङको पाँच दशकको यात्रा

सुन्दरकुमार थकाली
मुस्ताङ, ११ साउन

मेहनत र परिश्रमसँगै योजनाबद्ध रूपमा कार्यसम्पादन गरेमा सफलता प्राप्त गर्न सकिन्छ भन्ने एउटा गतिलो उदाहरण बनेका छन् मुस्ताङको घरपफोङ-५ ढुम्बाका जुझारु किसान कर्म गुरुङ। गुरुङ बाबुबाजेले अपनाउँदै आइरहेको स्याउखेतीलाई पुख्यौली पेसाका रूपमा पछ्याउँदै विगत पाँच दशकदेखि सक्रिय भएर लागिपर्नुभएको छ।



झन्डै छ दशकअघि गुरुङको परिवारले मुस्ताङको ढुम्बा गाउँमा चिम्ले स्याउ फार्म सुरुआत गरेको थियो । त्यसबेला उहाँको परिवार, आफन्त र इष्टमित्रलगायतले सगोलमा सामूहिक स्याउखेती सुरु गरेका थिए । उहाँ १३ वर्षको हुँदा बुबा बित्नुभयो । त्यसपछि बुबाको कृषिकर्मको जिम्मेवारी उहाँको काँधमा थपियो । गुरुङका बुबा बितेपछि चिम्ले कृषि फार्मका दश दाजुभाइ/दिदीबहिनी सदस्य छिन्नभिन्न भए । बाल्यकालदेखि नै कृषिकर्मलाई पछ्याउनुभएका गुरुङले सगोलले अलपत्र पारेको कृषि फार्मको सबै बागडोर आफैँले सम्हाल्नुभयो । गुरुङले सम्हाल्दै आइरहेको त्यतिबेलाको स्याउ फार्म परम्परागत पद्धतिको थियो । आफ्ना बुबाको प्रेरणाबाट स्याउखेती लाग्नुभएका गुरुङ वर्तमानमा पनि पहिलेको परम्परागत स्याउखेतीसँगै स्याउखेतीमा नयाँ प्रविधि भित्र्याइसक्नुभएको छ। सानै उमेरदेखि स्याउखेतीलाई निरन्तर पछ्याउँदै आउनुभएका गुरुङ व्यावसायिक स्याउखेतीतर्फ ५० वर्षको यात्रा पूरा गरिसकेको बताउनुहुन्छ । मुस्ताङमा अहिलेको जस्तो त्यो समय सडक, बिजुली, इन्टरनेट कुनै पनि सुविधा थिएनन्, यद्यपि उहाँले चिम्ले कृषि फार्मलाई विषम परिस्थितिसँग जुध्दै अहिलेको अवस्थामा ल्याइपुर्‍याउन सफल हुनुभयो । गुरुङ भन्नुहुन्छ, “बुबाको पालामा स्याउखेती गर्न अहिलेको जस्तो सहज थिएन, प्रविधिको विकास भएको थिएन, सबै काम हातैले गर्नुपर्थ्यो, अहिले त विगतको भन्दा स्याउखेती प्रणालीमा आकाशजमिन फरक भइसक्यो ।” यहाँ सडक सञ्जाल नहुँदा उत्पादन हुने स्याउ नबिकेर पशुचौपायालाई खुवाउनुपर्ने र कति स्याउ त बोटमै कुहिएर झर्ने गरेको गुरुङले स्मरण गर्नुभयो। त्यसबेला उत्पादन गरिएको स्याउ प्रतिकिलो रु दुईमा पनि बिक्री गर्न मुस्किल पर्ने गरेको गुरुङले सुनाउनुभयो। उहाँले विगत सम्झिँदै भन्नुभयो, “यहाँको स्याउ बजार पुर्‍याउन घोडा, खच्चड र हेलिकप्टरबाट ढुवानी गर्नुपर्थ्यो, स्याउ बेचेर फाइदा लिन पनि त्यसबेला किसानलाई निकै गाह्रो हुने गर्थ्यो।” कृषक गुरुङ अहिले ६१ वर्ष हुनुभयो। उहाँको जोशजाँगर र इच्छाशक्ति भर्खरको तन्नेरीजस्तै छ। “चाहेको भए म युरोप, अमेरिका जान सक्थेँ”, गुरुङले भन्नुभयो, “यहीको माटो खोस्रिएर परिश्रम र मेहनत गर्ने हुटहुटी बाल्यकालबाटै चल्यो, स्वदेशममा पनि विदेशमा जस्तै मनग्य अर्थोपार्जन गर्न सकिन्छ भन्ने लागेर यही कृषि व्यवसाय सक्रिय भइरहेको छु, मुस्ताङकै हावापानीमा रम्दै पुख्यौली स्याउखेतीलाई जीवन्त तुल्याइरहेको छु ।” गुरुङ अहिले मुस्ताङका स्याउ किसानमध्ये अब्बल किसानका रूपमा परिचित हुनुहुन्छ। दुई वर्षअघि उहाँ पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीबाट राष्ट्रिय पुरस्कारबाट सम्मानित भइसक्नुभएको छ । जिल्ला र राष्ट्रियस्तरमा स्याउखेतीमा उत्कृष्ट पहिचान बनाउँदै आउनुभएका गुरुङ स्याउखेतीमा पाएको सफलतामा बुबाकै योगदान रहेको बताउनुहुन्छ। बुबाले अपनाएको स्याउखेतीको विरासतलाई पछ्याउँदै निकै सङ्घर्ष र मेहनत गरी अहिलेको स्थानसम्म आइपुगेको गुरुङको भनाइ छ । स्याउखेतीतर्फ प्राप्त गरेको यस प्रकारको सफलताले कुनै युद्ध जितेको जस्तै अनुभूति हुने गरेको बताउनुभयो। गुरुङको पुख्यौली परम्परागत स्याउखेती छँदै थियो। तर, त्यसमा सोचेजस्तो आम्दानी लिन निकै मुस्किल पर्थ्यो । विसं २०७५ अघिसम्म परम्परागत स्याउखेती गर्दै आइरहनुभएका गुरुङले अहिले बृहत् रूपमा उच्चघनत्व प्रविधिमा आधारित ‘हाइब्रिड’ स्याउखेतीलाई अघि बढाइरहनुभएको छ। जतिबेला मनाङमा एग्रो मनाङले हाइब्रिड स्याउखेतीको नमूनापरीक्षणसुरुगरेकोथियो।त्यहाँको हाइब्रिड स्याउखेती सुरु गरिएको समाचार थाहा पाएपछि एग्रो फार्ममा पुगेर हाइब्रिड खेतीबारे बुझेँ। त्यहाँबाट फुजी जातको तीन सय हाइब्रिड स्याउका बिवा ल्याएर मुस्ताङको आपनो बगैँचामा रोपे। गुरुङले रोपेको नयाँ प्रविधिको हाइब्रिड स्याउ निकै राम्रोसँग सप्रियो । त्यसपछि गुरुङले उत्साहित हुँदै झनै हाइब्रिड जातका स्याउ बिरुवा थप्दै बृहत्त रूपमा हाइब्रिड स्याउखेती विस्तार गर्नुभयो। गुरुङले यस वर्ष पनि झन्डै पाँच हजार बढी हाइब्रिड स्याउका बिरुवा रोप्ने तयारी गरेको बताउनुहुन्छ।

हाइब्रिड स्याउको परीक्षण राम्रो भएपछि मुस्ताङका अन्य किसानले पनि पछ्याइरहेको गुरुङ बताउनुहुन्छ। स्याउखेतीका लागि उचित व्यवस्थापन र मलजल गर्न सकेमा राम्रो कमाई गर्न सकिने उहाँले उल्लेख गर्नुभयो। गुरुङले स्याउका लागि निजी जग्गा झन्डै तीन सय रोपनी र अन्य दुई सय रोपनी जग्गा आफन्त, इष्टमित्र र संस्थागत तहमा लिज सम्झौता गरी स्याउखेती विस्तार गरेको जानकारी दिनुभयो । उहाँले आधा जग्गामा परम्परागत स्याउखेती र बाँकी आधा जग्गामा हाइब्रिड स्याउखेती गर्नुभएका छ। गत वर्षसम्म चार सय मेट्रिक टन स्याउ उत्पादन गरेका गुरुङले यो वर्ष पाँच सय मेट्रिक टन स्याउ उत्पादन गर्ने लक्ष्य राख्नुभएको छ । गुरुङले गत वर्ष रु तीन करोडको स्याउ बिक्री गरेको बताउनुभयो । कृषक गुरुङको स्याउ फार्मले २५ जनालाई स्थायी र करिब ९० जनाभन्दा बढीले अल्पकालीन रोजगारी दिएको छ । स्याउखेतीलाई भनेर किसान गुरुङले पाँच सय बढी च्याङ्ग्रा, १० वटा घोडा, नौवटा जर्सी गाई र स्याउ बगैँचामा मौरीपालन गरेका छन्। पालन गरिएका पशुचौपायाको मलमूत्रलाई प्रशोधन गरी स्याउखेतीका लागि मलको रूपमा प्रयोग गर्नुभएको छ । मलका लागि पालिएका च्याग्राबाट पाठपाठी उत्पादन गर्ने र मासुका लागि बिक्री गर्नुभएको छ । च्याङ्ग्रापालनबाट पनि राम्रै आम्दानी हुने गरेको गुरुङ बताउनुहुन्छ। जर्सीगाईबाट मासिक रु दुई लाख आम्दानी हुने गरेको गुरुङले उल्लेख गर्नुभयो। “अब जर्सी गाईको सङ्ख्या ५० पुर्‍याउने योजना छ, डेरी उद्योग पनि खोल्ने सोचमा छु”, उहाँले भन्नुभयो, “मौरीको घारबाट पनि मह उत्पादन गरेर बिक्री गर्ने गरेको छु”, उहाँले भन्नुभयो । स्याउखेतीबाट वार्षिक रु तीन-चार करोडको कारोबार हुने किसान गुरुङले बताउनुभयो। स्याउखेतीमा जनशक्ति र स्याउ बगैँचा व्यवस्थापनलगायतमा पनि उत्तिकै खर्च हुने गरेको गुरुङको भनाइ छ। बर्सेनि स्याउखेतीमा जति कमाई हुन्छ सबै पैसा स्याउखेतीमै लगानी गर्दै आइरहेको किसानले गुरुङले स्पष्ट पार्नुभयो । “अहिले जति कमाई हुन्छ, स्याउमै खर्च गरेको छु”, उहाँले थप्नुभयो, “अबको पाँच वर्षपछि भने स्याउ बिक्री गरेको आम्दानीलाई बचत गर्नेतर्फ लैजाने छु।” गुरुङले स्याउ बगैँचाका कमसल स्याउ र बोटबाट झरेका स्याउलाई सुकुटी बनाएर बिक्री गर्नुहुन्छ । स्याउको सुकुटी बनाउन र बेमौसममा पनि पर्यटकलाई मुस्ताङको स्याउ उपलब्ध गराउन कोल्ड स्टोर अनुदानमा व्यवस्थापन गरेका छन् । यहाँ कृषि ज्ञान केन्द्र, स्याउ जोनबाट पनि गुरुङले कृषि यान्त्रिक उपकरण अनुदानमा प्राप्त गर्ने गरेको बताउनुहुन्छ । पछिल्लो समय किसान गुरुङ बगैँचाबाट परम्परागत स्याउखेतीलाई विस्तारै मासेर हाइब्रिड स्याउ लगाउने योजनामा हुनुहुन्छ । परम्परागत स्याउभन्दा आधुनिक हाइब्रिड स्याउखेतीबाट राम्रो आम्दानी हुने भएकाले परम्परागत स्याउलाई विस्थापित गर्दै लैजाने तयारी गरेको उहाँ बताउनुहुन्छ। मुस्ताङमा जलवायु परिवर्तनका कारण यहाँको स्याउ छिटोछिटो पाक्न थालेको उहाँले सुनाउनुभयो । जलवायुले आफ्ना लागि खासै असर नपुर्‍याएको उहाँको भनाइ छ। जलवायुका कारण तापक्रम वृद्धि हुँदा रोग कीरा नियन्त्रण गर्नमा चुनौती हुने बताउनुभयो। यहाँ हाइब्रिड स्याउखेतीको राम्रो भविष्य रहेकाले यसको समुचित व्यवस्थापन गर्नसके मुस्ताङका सबै किसान करोडपति हुने किसान गुरुङको भनाइ छ। समग्र मुस्ताङलाई स्याउको हबका रूपमा विकास गर्न यहाँ जग्गासम्बन्धी प्राविधिक तथा कानुनी जटिलता रहेको उल्लेख गर्नुभयो। जिल्लाको दुई प्रतिशत पनि जग्गा नापी नहुँदा स्याउखेती गर्न चाहने व्यक्तिलाई जग्गा लिजमा लिएर खेती विस्तार गर्ने कार्यमा समस्या उत्पन्न भएको उहाँले जनाउनुभयो । मुस्ताङमा खेर गएका जग्गालाई लिज प्रावधानमा ल्याउन सकेमा बर्सेनि अर्बौं रुपैयाँ मुस्ताङ भित्रिने कृषक गुरुङले ठोकुवा गर्नुभयो।

मुस्ताङमा राष्ट्रिय गौरवको बेनी-जोमसोम-कोरला सडक सहज हुँदै गइरहेकाले जिल्लाका किसानले उत्पादन गरेको स्याउ पोखरा–काठमाडौं पुर्‍याउन निकै सहज भएको उहाँले बताउनुभयो । यहाँ सडक विस्तारकै कारण पर्यटक आवागमन वृद्धि भइरहेकाले यहाँको स्याउ फुटकर रूपमा पनि सुहाउँदो मूल्यमा बिक्री हुने गरेको बताउनुभयो । पछिल्लो समय जलवायु परिवर्तनका कारण हिमताल, हिमनदी र सिँचाइ स्रोत सुक्दै जान थालेकाले यहाँको स्याउलगायत खेतीमा थप चुनौती बढेको कर्मले सुनाउनुभयो । कर्म भन्नुहुन्छ, “ मुस्ताङमा कालीगण्डकी नदीको जल सतहलाई सरकारले लिफ्टिङ गरी सिँचाइको पहुँच पुर्‍याउन आवश्यक छ, यहाँको उच्च स्थानका स्याउ बगैँचामा सिचाइको समस्या देखिन थालेको छ, यसलाई अहिलेदेखि सरकारले योजनाबद्ध रूपमा सिँचाइको गुरुयोजना अघि बढाउनुपर्छ।”

# प्रजनन बीउबाट मूल बीउ उत्पादन गरिँदै

पोखरापत्र संवाददाता
वालिङ, ११ साउन

स्याङ्जाको वालिङ-१ यवादीमा रहेको कृषि विकास स्रोत केन्द्रले प्रजनन बीउबाट मूल बीउ उत्पादन गर्न थालेको छ । गण्डकी प्रदेशका ११ वटै जिल्ला कार्यक्षेत्र रहेको कार्यालयले खाद्यान्न, तरकारी, दलहन र तेलहन बालीको मूल बीउ उत्पादन थालेको हो।

कृषि अनुसन्धान परिषद् (नार्क)बाट प्रजनन बीउ ल्याएर कार्यालयले मूल बीउ उत्पादन गरी बीउ उत्पादक समूह सहकारी तथा फार्महरूलाई बीउ उपलब्ध गराउँदै आएको कार्यालयका बाली विकास अधिकृत पुकार खनालले जानकारी दिनुभयो।

कार्यालयले विभिन्न प्रजातिका धान, मकै, बोडी, सिमी, भटमास, कोदोलगायत खाद्यान्न, दलहन तथा तेलहन बालीको प्रजनन बीउबाट मूल बीउ उत्पादन गर्दै आएको छ । “नार्कबाट ल्याएको प्रजनन बीउलाई एक वर्ष यहाँ लगाएर मूल बीउ बनाइन्छ, यहाँ बनाइएको मूल बीउ लाइसेन्स प्राप्त बीउ उत्पादक समूह, सहकारी वा फार्महरूलाई ७५ प्रतिशत अनुदानमा उपलब्ध गराउँछौँ”, उहाँले भन्नुभयो, “कार्यालयले उपलब्ध गराएको मूल बीउबाट लाइसेन्स प्राप्त बीउ उत्पादकहरूले उन्नत बीउ उत्पादन गर्छन्।” बीउ उत्पादकले उत्पादन गरेको उन्नत बीउको नियमित निरीक्षण, अनुगमन गर्ने, भण्डारणका लागि टिनका बाकस, बिक्रीका लागि बोरा, विषादी तथा उत्पादित बीउको विवरण समेटिएको ट्याग, बोरा सिलाउने मेसिन, बीउको चिस्यान मापन गर्ने मेसिन कार्यालयले उपलब्ध गराउने उहाँले बताउनुभयो।

आवश्यकता हेरी प्रदेश बीउबिजन गुणस्तर नियन्त्रण कार्यालय पोखराबाट प्रयोगशालामा बीउको गुणस्तर परीक्षण गरेपछि मात्र उन्नत बीउको रूपमा बजारमा पठाउने गरिएको छ। कार्यालयले उत्पादित बीउको डेसिस प्रणालीमार्फत बीउ उत्पादक समूह, सहकारी, फार्म र बीउ विक्रेता व्यवसायी तथा किसानलाई जोडेर बजारीकरणमा सहजीकरण गर्दै आइरहेको छ। कार्यालयले बीउ उत्पादकलाई रामधान, सावित्री, हर्दिनाथ, सावा मन्सुली सब १, मकैको मनकामना ३, गहुँ, बोडीको मालेपाटन १, चौमासे सिमी, भटमासको खजुरे भटमास १, कोदोको सैलुङ्गे १, काभ्रे १ र ओख्ले जातका मुल बीउ उपलब्ध गराउँदै आएको छ। पर्वतमा जेठो बुढो धान, भक्तपुर लोकल काक्रो, मसुरो र तोरीको उन्नत बीउ उत्पादन भइरहेको छ।

म्याग्दीमा सिमी, केराउको उन्नत बीउ उत्पादन भइरहेको छभने नवलपुरमा बोडी, रामधान, सावित्री, हर्दिनाथ ६ जातका खाद्यान्न तथा तरकारीको उन्नत बीउ उत्पादन गरिएको उहाँले बताउनुभयो । तनहुँको भिमादमा डल्ले कोदो, घिरिङमा राम धान, सावित्री, हर्दिनाथ र सावा मन्सुली सब १ जातका खाद्यान्न बालीको उन्नत बीउ उत्पादन थालिएको छ । गोरखामा सिमी र तोरी, बागलुङका तीन ठाउँमा मनकामना ३ जातको उन्नत मकैको बीउ उत्पादन थालिएको छ । लमजुङ, कास्की, मनाङ र मुस्ताङमा कार्यालयमार्फत अहिले काम भइनसकेको उहाँले जानकारी दिनुभयो।

# प्रगति टोललाई लेखनाथ खानेपानीले दियो डस्टविन

पोखरापत्र संवाददाता
पोखरा, ११ साउन

पोखरा महानगरपालिका वडा नं २९ मा रहेको प्रगति टोल विकास सस्थालाई लेखनाथ खानेपानी उपभोक्ता संस्थाले ६ थान डस्टविन सहयोग गरेको छ।



आइतवार लेखनाथ खानेपानी उपभोक्ता संस्थाका अध्यक्ष मुरारी शर्मा, उपाध्यक्ष पुष्पकमल ढुंगाना, सचिव नारायणी भट्राई रक्षा लगायतको टिमले प्रगति टोल विकास संस्थाका अन्तर्गत ओमकारेश्वर मन्दिर प्राङ्गणमा आयोजित एक कार्यक्रममा प्रगति टोल विकास संस्थाका उपाध्यक्ष वीरबहादुर खत्री, सचिव विष्णुहरि पौडेल, कोषाध्यक्ष सूर्यबहादुर वि क, सहसचिव राधिका अधिकारी सदस्यहरु मसिना भण्डारी, सम्झना तामाङ,कमला जिसी, विना सुवेदी लगायत पदाधिकारीहरु तथा पोखरा महानगरपालिका वडा नं २९ का वडाध्यक्ष श्रीप्रसाद गुरुङ्गको उपस्थितिमा डस्टविन सहयोग गरेको हो । डस्टविन सहयोग हस्तान्तरण कार्यक्रममा बोल्दै वडा नं २९ का वडाध्यक्ष श्रीप्रसाद गुरुङ्गले लेखनाथ खानेपानी उपभोक्ता संस्थाप्रति धन्यवाद ज्ञापन गरे । उनले स्थानीयको सहभागीता विना कुनै पनि काम सम्भव नहुने भन्दै सहयोगको सही उपयोग गर्न टोलवासीलाई आग्रह समेत गरे । लेखनाथ खानेपानी उपभोक्ता संस्थाका अध्यक्ष मुरारी शर्माले दुवै संस्थाको सरसफाईप्रतिको चासोलाई डस्टविन सहयोग महत्वपूर्ण हुने अपेक्षा गरे । टोलका उपाध्यक्ष वीरबहादुर खत्रीको सभापतित्वमा भएको कार्यक्रम सचिव विष्णुहरि पौडेलले सञ्चालन गरेका थिए।

# हात्ती प्रजनन केन्द्रमा ३३ वर्षमा ६८ छावा जन्मिए

रासस
चितवन, ११ साउन

चितवन राष्ट्रिय निकुञ्जको हात्ती प्रजनन तथा तालिम केन्द्र खोरसोर सौराहामा हालसम्म ६८ वटा छावा जन्मिएका छन् । विसं २०४४ मा भारत, थाइल्याण्ड र मेनमारबाट २० वटा हात्ती ल्याएर केन्द्र सुरु गरिएको थियो।

केन्द्रमा ती देशबाट छ वटा भाले र १४ वटा पोथी हात्ती ल्याइएको थियो। विसं २०४९ चैतमा पहिलोपटक यहाँका हात्तीले छावा जन्माएका केन्द्रका प्रमुख मणिपुरण चौधरीले जानकारी दिनुभयो । उहाँका अनुसार त्यसयता हालसम्म ६८ वटा छावा जन्मिएकामा सात वटाको मृत्यु भइसकेको छ।

चौधरीले हालसम्म जन्मिएकामध्ये ३९ भाले र २९ वटा पोथी रहेका जनाउँदै हाल चितवन राष्ट्रिय निकुञ्जभित्र ५८ वटा हात्ती रहेका उल्लेख गर्नुभयो । “प्रजनन केन्द्रमा २२ वटा हात्ती छन्। तीमध्ये नौ वटा माउ र १३ वटा बच्चामध्ये छ वटालाई तालिम दिएर राखिएको छ । केही दिनमा तिनीहरूलाई पनि पोष्टमा पठाइँदै छ”, उहाँले भन्नुभयो । पछिल्लो समय जन्मिएका सात वटा छावा केन्द्रमा रहेका चौधरीले बताउनुभयो । यहाँ जन्मिएर तालिम दिएपछि निकुञ्ज सुरक्षार्थ विभिन्न ठाउँमा रहेका पोष्टहरूमा पठाउने गरिएको जनाउँदै उहाँले यहाँ जन्मिएका छावाको विभिन्न प्रतिष्ठित व्यक्तिको सम्मानस्वरुप नामाकरण गर्ने गरिएको बताउनुभयो । “पहिलेपहिले राजा र राजपरिवारका सदस्यको नाममा नामाकरण गरिन्थ्यो । पछिल्लो पटक निकुञ्जमा कार्यरत रहेर हालै निधन हुनुभएका संरक्षण अधिकृत वेदबहादुर खड्काको सम्मानमा नयाँ छावाको नामाकरण गरिएको छ”, केन्द्रका प्रमुख चौधरीले भन्नुभयो।

लामो समयसम्म निकुञ्जको संरक्षणका क्षेत्रमा उल्लेखनीय भूमिका निर्वाह गर्नुभएका खड्काको सम्मानमा केन्द्रमा जन्मिएको छावाको यही साउन ७ गते न्वारन गरेर वेदगज नाम राखिएको उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार हात्तीको छावा जन्मिएको १२ औँ दिनमा न्वारन गर्ने प्रचलन छ।

निकुञ्जका प्रमुख संरक्षण अधिकृत डा गणेशप्रसाद पन्तले वेदबहादुर खड्काले निकुञ्जमा कार्यरत रहँदा धेरै चुनौतीको सामना गर्दै काम गरेकाले उहाँको सम्मानमा छावाको नामाकरण गरिएको बताउनुभयो । उहाँका अनुसार नयाँ नाम राखिएको वेदगज लोकतन्त्रकलीको तेस्रो सन्तान हो । बाइस वर्षीया लोकतन्त्रकलीले आठ वर्षअघि बुधगज र चार वर्षअघि स्वर्णकलीलाई जन्म दिइसकेकी छिन् । तीन वर्षअघि हात्ती चराउने क्रममा बाघले आक्रमण गरेर मरेका हात्ती सुसारे रमेश चौधरीका नाममा रमेशगज, निकुञ्जभित्र तस्करसँगको भिडन्तमा ११ वर्षअघि मारिएका सिनियर गेम स्काउट शेषचन्द्र चौधरीका नाममा शेषचन्द्रगज नामाकरण गरिएको संरक्षण अधिकृत पन्तले जानकारी दिनुभयो । “प्रजनन केन्द्रमा जङ्गली हात्ती नानापाटेघर, ध्रुवे, गोविन्दे, रोनाल्डो, कृष्णेलगायत आएर संसर्ग गर्दछन्। यहाँ जन्मिएका छावाहरू तिनैका सन्तान भएको अनुमान छ”, उहाँले भन्नुभयो।

# फुलबारी क्लबको अध्यक्षमा बास्तोला सर्वसम्मत

पोखरापत्र संवाददाता
पोखरा, ११ साउन

फुलबारी क्लबको ३४औँ वार्षिक साधारणसभा तथा १७औँ अधिवेशन पोखरा-११, फुलबारीमा सम्पन्न भएको छ। अधिवेशनले जनार्दन बास्तोलाको अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत रूपमा निर्वाचित गरेको हो।



समितिको उपाध्यक्षमा युवराज बास्तोला, सचिवमा सबीना बास्तोला आचार्य, सह-सचिवमा अनन्त राज आचार्य, र कोषाध्यक्षमा रामशरण भट्टराई चयन भएका छन्। सदस्यहरूमा सन्तोष भण्डारी, शिवराज पौडेल, अञ्जु ताम्राकार पौडेल, सुभास बास्तोला, रमेश बास्तोला र सङ्गीता पौडेल आचार्य रहेका छन् । कार्यक्रममा निवर्तमान सचिव युवराज बास्तोलाले प्रगति प्रतिवेदन तथा कोषाध्यक्ष सावित्रीकुमारी पौडेलले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए । नवनिर्वाचित अध्यक्ष जनार्दन बास्तोलाले आफ्नो कार्यकालको पहिलो प्राथमिकता मणिपाल अस्पतालसँगको सहुलियत कार्ड सेवा पुनः सञ्चालन गर्ने रहेको बताए । उनका अनुसार, मणिपाल अस्पताल स्थापना हुँदाका बेला फुलबारी क्षेत्रका केही घरधुरीलाई दिइएको सहुलियत कार्ड हाल रद्द भएको छ, त्यसलाई पुनः निरन्तरता दिन आवश्यक छ। उनले समुदायमै उपलब्ध स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्न क्लबको भूमिका अझ सशक्त बनाउने प्रतिबद्धता व्यक्त गरे । कार्यक्रमका प्रमुख अतिथि वडा नं. ११ का वडा अध्यक्ष प्रेम प्रसाद कर्मचार्यले फुलबारी क्लबले स्थानीय विकास, सामाजिक समावेशीता र सामुदायिक सहकार्यमा खेलेको भूमिकाको प्रशंसा गरे। उनले नयाँ कार्यसमिति अझ प्रतिबद्ध र सक्रिय रहने विश्वास व्यक्त गरे।

निवर्तमान अध्यक्ष मनोज बास्तोलाको अध्यक्षतामा भएको कार्यक्रममा गार्डेन क्लब फुलबारीका अध्यक्ष विनोद गुरु, जनप्रतिनिधि सुसिल बास्तोला, पूर्व क्लब अध्यक्ष तथा पूर्व वडा अध्यक्ष मोहन प्रसाद बास्तोला, पूर्व अध्यक्ष माधव (मधु) प्रसाद बास्तोला, र क्लब सल्लाहकार सञ्जय किशोर बास्तोला लगायतले मन्तव्य राखेका थिए।